नेपाल सरकार

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय

आ.व. २०८३/०८४ को प्रथम त्रैमासिक अवधिको प्रगति

सोह्रौं योजनाको नतिजा सूचकको उपलब्धि

क्र.स.	नतिजा सुचक	एकाइ	लक्ष्य (०८५।०८६)	उपलब्धि	तथ्याङ्क स्रोत
१	लैङ्गिक विकास सूचकाङ्क	सूचकाङ्क	०.९६७	०.८५८	HDI 2024/25
२	लैंङ्गिक सशक्तीकरण मापन सूचकाङ्क लैङ्गिक असमानता सूचकांक (GII) स्कोर	सूचकाङ्क	०.५९	०.५६ ०.४८७	HDI 2022 HDI 2025
३	सामाजिक सशक्तीकरण सूचकाङ्क	सूचकाङ्क	०.६५	०.५८	सोह्रौं योजना
४	जीवनकालमा शारीरिक, मानसिक वा यौन हिंसा पीडित महिला	प्रतिशत	२०	२३.४	सोह्रौं योजना
५	महिला प्रतिनिधित्व संघीय संसद प्रदेश सभा स्थानीय तह	प्रतिशत	 ४० ४० ४५	 ३४.१ ३६.४ ४१.२	निर्वाचन आयोग नेपाल २०८२
६	सार्वजनिक सेवामा महिला प्रतिनिधित्व	प्रतिशत	३५	३०	आर्थिक सर्वेक्षण २०८२/८३
७	घर वा जग्गा वा घरजग्गामा स्वामित्व पुगेको महिला	प्रतिशत	३५	२३.८	रा. जनगणना २०७८
८	श्रम शक्तिमा महिलाको श्रम सहभागिता दर	प्रतिशत	३५	२६.३	NLSS २०७९/८०

सोह्रौं योजनाको नतिजा सूचकको उपलब्धि

क्र.स.	नतिजा सूचक	एकाइ	लक्ष्य (०८५।८६)	उपलब्धि	तथ्याङ्क स्रोत
९	सार्वजनिक सेवाका नीति निर्माण पदमा महिलाको सहभागिता	प्रतिशत	२०	१३.६	राष्ट्रिय कितावखाना (निजामती)
१०	सबै तहका सरकारमा लैङ्गिक उत्तरदायी बजेटको अनुपात	प्रतिशत	५०	४४.३०	बजेट बक्तव्य २०८३/०८४
११	सामाजिक सुरक्षामा आवद्ध ज्येष्ठ नागरिक	प्रतिशत	१००	९४	MoWCGSS, पञ्जिकरण विभाग, केन्द्रिय तथ्याङ्क कार्यालय
१२	ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा मिलन केन्द्र	संख्या	७५३	५००	MoWCGSS
१३	मानव बेचविखन पीडित प्रभावितका लागि पुनर्स्थापना केन्द्र सञ्चालन भएका जिल्ला	संख्या	१५	१०	MoWCGSS
१४	महिनावारीको समयमा आवश्यक सामग्रीको उपलब्धता र स्वच्छता सहितको शौचालयको व्यवस्था भएको विद्यालय	प्रतिशत	८०	-	विवरण प्राप्त हुन नसकेको।
१५	पछिल्लो १२ महिनामा महिनावारीको कारणबाट विद्यालय र कार्यस्थलमा अनुपस्थित भएका महिला	प्रतिशत	४	-	विवरण प्राप्त हुन नसकेको।

आ.व. २०८३/८४ को माईलस्टोन तथा प्रगति

- नीति तथा कार्यक्रमका बुँदाहरूः ६ वटा
- जम्मा बजेट वक्तव्य बुँदाः १४ वटा (वक्तव्यको बुँदा नं. ४९ अन्तर्गत)
- जम्मा क्रियाकलापः १९ वटा
- जम्मा माइलस्टोनः २४ वटा
  - ✓ प्रथम त्रैमासिक सम्म सुरू हुनपर्नेः १२ वटा
  - ✓ सम्पन्न हुनपर्नेः ३
  - ✓ हालसम्म सम्पन्न माइलस्टोनः २
  - ✓ सुरू नभएकाः २ वटा

आ.व. २०८३/८४ को माईलस्टोन तथा प्रगति

क्र.सं.	माइलस्टोन	प्रगति
१	प्रदेश र स्थानीय तहको समन्वयमा दलित, अल्पसंख्यक, सिमान्तकृत समुदायलाई रोजगार तथा उद्यमशीलता सम्बन्धी तालिम सञ्चालन	• प्रदेश र स्थानीय तहमार्फत तालिम सञ्चालन गर्ने गरी कार्यविधि स्वीकृतिको चरणमा रहेको।
२	सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन	• ५२ जना सडक बालबालिकाको उद्धार (हालसम्म २७९१ जना) गरी यस अवधिमा ३१ जनाको परिवारिक पुनर्मिलन तथा ३२१ जनालाई अस्थायी संरक्षण केन्द्रको संरक्षणमा राखिएको।
३	हराएका बालबालिकाको खोजतलास गरी परिवारमा पुनर्मिलन	• २३५६ जना हराएका बालबालिका मध्ये खोजतलास गरी फेला परेका २०७७ जनाको पारिवारिक पुनर्मिलन गरिएको (८८.१५%)
४	बेवारीस फेला परेका बालबालिकाको परिवारको खोजी र परिवारिक पुनर्मिलन तथा अस्थायी संरक्षण	• ७७ जना फेला परेका बालबालिका मध्ये ३९ जनाको परिवारिक पुनर्मिलन तथा ३८ जनाको अस्थायी संरक्षण गरिएको।
५	हिंसा तथा जोखिममा परेका बालबालिकाको उद्धार, राहत, मनोविमर्श, कानूनी परामर्श, पुनःस्थापना तथा पुनर्मिलन	• २२६ जना हिंसा तथा जोखिममा परेका बालबालिकाको उद्धार गरी पुनःस्थापना तथा पुनर्मिलन गराइएको।
६	सुदूरपश्चिम प्रदेशमा दीर्घकालीन पुनर्स्थापना केन्द्र भवन निर्माण सुरू गर्ने।	• भवन निर्माण कार्य सुरू भएको।

आ.व. २०८३/८४ को प्रथम त्रैमासिकको माईलस्टोन तथा प्रगति

क्र.सं.	माइलस्टोन	प्रगति
७	कर्णाली प्रदेशमा बाल सुधार गृह स्थापनाका लागि जग्गा एकीन तथा तनँहुको ढकालटारमा बाल सुधार गृह निर्माण	• कर्णाली प्रदेशमा बाल सुधार गृह स्थापनाका लागि जग्गा व्यवस्थापन गर्न संघीय मन्त्रालय र प्रदेश सरकारसँग समन्वय भईरहेको। • तनँहुको ढकालटारमा बाल सुधार गृह निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको।
८	यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको मर्यादित जीवनका लागि सचेतना कार्यक्रम	• बागमती प्रदेशको हेटौंडामा सचेतना कार्यक्रम सम्पन्न भएको।
९	दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा नवजात शिशुको हवाइ उद्धार	• ३३ जनाको हवाइ उद्धार गरिएको।
१०	मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ संशोधन मस्यौदा मन्त्रिपरिषद्मा पेस।	• ऐनको संशोधन मस्यौदा संघीय ससदमा पेश भई संसदको विषयगत समितिमा छलफलको क्रममा रहेको।
११	सामाजिक सुरक्षा कोषको दायरा विस्तार गर्ने। • रोजगारदाता सूचीकरण • औपचारिक क्षेत्रका योगदानकर्ता सूचीकरण • बैदेशिक क्षेत्रका योगदानकर्ता सूचीकरण	• २३,८०७ रोजगारदाता सुचीकरण, • ७,९०,०८३ जनाको सुचीकरण, • २४,५०,९५८जनाको सुचीकरण,
१२	महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको भवन निर्माण	• बारा, पर्सा, रूपन्देही, कञ्चनपुर, कैलाली र बैतडीको भवन निर्माण कार्य सम्पन्न भएको।

आ.व. २०८३/८४ को बजेट विवरण

कुल बजेटः १ खर्ब २२ अर्ब ६१ करोड ४३ लाख

- सामाजिक सुरक्षा तथा संरक्षणः १ खर्ब २० अर्ब २८ करोड
- महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयः २ अर्ब ३३ करोड ४३ हजार
  - ✓ प्रदेशमा वित्तीय हस्तान्तरण भएको बजेट रूः २१ करोड ६८ लाख
  - ✓ स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको बजेट रूः ७६ करोड ३ लाख

आ.व. २०८३/८४ को आयोजनागत बजेट तथा प्रथम त्रैमासिक अवधिको खर्च

बजेट उपशीर्षक नं.	बजेट उपशीर्षक	विनियोजित बजेट	प्रथम त्रैमासिक बजेट	प्रथम चौमासिक खर्च	भौतिक प्रगति (%)	वित्तीय प्रगति (%) (वार्षिक बजेट)	वित्तीय प्रगति (%) (चौमासिक बजेट)
३४०००११	महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय	२४८,५९५,१४७.००	४९,७६९,०००.००	३७,८५९,०७५.३४	८०	१५.२३	७६.०७
३४०००१२	पशुपती वृद्धाश्रम	३३,७०३,५१३.००	११,६११,०००.००	६,४७४,७०७.००	८०	१९.२१	५५.७६
३४०००१०१	लैङ्गिक हिंसा निवारण तथा मानव बेचविखन नियन्त्रण कार्यक्रम	३३,७००,०००.००	१५,९०९,०००.००	६,०६८,९९८.००	६५	१८.०१	३८.१५
३४०००१०२	सामाजिक विकास कार्यक्रम	१३८,६००,०००.००	८८,२७९,०००.००	११,०२४,६२०.००	५९.६५	७.९५	१२.४९
३४०००१०३	बाल विकास कार्यक्रम	३११,५६७,०१५.००	२२९,५४०,०००.००	६५,०१०,९८८.२७	६०	२०.८७	२८.३२
३४०००१०५	राष्ट्रिय महिला सशक्तिकरण परियोजना	४३,९००,०००.००	९,०००,६००.००	१५,०३५,३२९.००	९५.२५	३४.२५	१६७.०५
३४०००१०६	महिला समुत्थान कार्यक्रम	४८२,८००,०००.००	३४१,९४७,०००.००	३२,४५५,८०१.९३	४५	६.७२	९.४९
३४०००१०८	लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्यको लागि एकीकृत सेवा पहुँच परियोजना	९१,०००,०००.००	३०,९१९,०००.००	२,९४१,२२१.००	४४	३.२३	९.५१
३४००२०११	सामाजिक सुरक्षा तथा संरक्षण	१२०,२८०,०००,०००.००	२९,२२७,५००,०००.००	१८,९६०,८७०,२०९.००	६६.६९	१५.७६	६४.८७
३४०८१०११	राष्ट्रिय बाल अधिकार परिषद्	६७,१००,०००.००	१९,४८०,०००.००	९,३४६,२५४.७६	६०	१३.९३	४७.९८
	मन्त्रालयको कुल जम्मा	**१२१,७३०,९६५,६७५.००**	**३०,०२३,९५४,६००.००**	**१९,१४७,०८७,२०४.३०**	६५.५५९	१५.७३	६३.७७

आ.व. २०८३/८४ को बजेट तथा प्रथम चौमासिकको खर्च

	मन्त्रालयको कुल बजेट	प्रथम चौमासिकको खर्च	खर्च प्रतिशत
चालु	१२१,०६१,५६६,३६०.००	१९,०७६,६७४,४४२.२०	१५.७६
पुजीगत	६६९,३९९,३१५.००	७०,४१२,७६२.१०	१०.५२
जम्मा	१२१,७३०,९६५,६७५.००	१९,१४७,०८७,२०४.३०	१५.७३

नीतिगत तथा कानूनी सुधार

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ संशोधन विधेयक संघीय संसदमा पेश भई छलफलका क्रममा रहेको,
- बालबालिका सम्बन्धी ऐन, २०७५ को संशोधन विधेयक संघीय संसदमा पेश भई छलफलका क्रममा रहेको,
- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को संशोधन विधेयक संघीय संसदमा पेश भएको,
- लैङ्गिक हिंसा निवारण सम्बन्धी एकीकृत कानून निर्माण गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सैद्धान्तिक सहमतीका लागि पठाइएकोमा थप अध्ययन तथा विश्लेषणका लागि प्राप्त भएकाले सो सम्बन्धी अध्ययन कार्य भइरहेको।

नीतिगत तथा कानूनी सुधार

- दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३ को मस्यौदा तर्जुमा भई सरोकारवालाको सुझाव संकलनका लागि वेवसाइट मार्फत प्रकाशन भएको,
- नेपाल सरकार, मन्त्रीपरिषद्बाट मिति २०८३/०६/२१ को निर्णयानुसार बालबालिका सम्बन्धी (दोश्रो संशोधन) नियमावली, २०८३ स्वीकृत भई राजपत्रमा प्रकाशन भएको,
- राष्ट्रिय ज्येष्ठ नागरिक नीति, २०८३ को मस्यौदा तर्जुमा भएको,
- विपद् प्रभावित बालबालिकाका लागि अस्थायी संरक्षण सेवा केन्द्र सञ्चालन निर्देशिका, २०८३ स्वीकृत भई ललितपुर जिल्लाको गोदावरी नगरपालिकाको ठेचोमा अस्थायी संरक्षण सेवा केन्द्र सञ्चालनमा रहेको।

नीतिगत तथा कानूनी सुधार

- भोटेकोशी बाढी प्रभावित बालबालिका संरक्षण परियोजना सञ्चालन तथा व्यवस्थापन कार्यढाँचा,२०८३ को मस्यौदा तर्जुमा भएको,
- विपद् प्रभावित बालबालिकाको दीर्घकालीन संरक्षण, हेरचाह तथा स्याहार योजना, २०८३ को मस्यौदा तर्जुमा भएको,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८३ को मस्यौदा तर्जुमा भएको,
- संघ, संस्थाको व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको बिधेयक, २०८३ को मस्यौदा तर्जुमा भईरहेको,
- महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८३ अन्तरगत सामाजिक सुरक्षा ऐन, २०७५ मा संशोधनको प्रारम्भिक मस्यौदा तयार भएको।

नीतिगत तथा कानूनी सुधार

आर्थिक वर्ष २०८३/८४ को वार्षिक कार्यक्रम कार्यान्वयनका लागि तर्जुमा भएका कार्यविधि

- महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग सहित महिला उद्यमी तथा उद्यमी समुहलाई उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि,२०८३
- स्थानीय तहमा अपाङ्गता लक्षित कार्यक्रम सञ्चालन कार्यविधि, २०८३
- अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम (संघ, प्रदेश र स्थानीय) सञ्चालन कार्यविधि, २०८३
- लैंगिक हिंसा अन्त्यका लागि पुरुष सञ्जाल गठन तथा परिचालन कार्यविधि,२०८३
- स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि,२०८३

नीतिगत तथा कानूनी सुधार

आर्थिक वर्ष २०८३/८४ को वार्षिक कार्यक्रम कार्यान्वयनका लागि तर्जुमा भएका कार्यविधि

- राष्ट्रिय स्तरको मंगला-सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन कार्यविधि, २०८३
- स्थानीय तहमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन/स्थापना सम्बन्धी कार्यविधि,२०८३
- प्रदेशबाट सञ्चालन हुने कार्यक्रम/आयोजना अन्तर्गत स्थानीय तहमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र/मिलन केन्द्र स्थापना तथा सञ्चालनका लागि अनुदान सहयोग सम्बन्धी कार्यविधि, २०८३
- स्थानीय तहमा महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालन (पहिलो संशोधन) कार्यविधि,२०८३
- बाल विवाह अन्त्यका लागि स्थानीय तहलाई उपलब्ध गराईएको सशर्त अनुदान कार्यान्वयन कार्यविधि,२०८३

आयोजना/कार्यक्रमगत उपलब्धिहरू

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय

प्रथम त्रैमासिक बजेटः ४ करोड ९७ लाख ६९ हजार

भौतिक प्रगतिः ८०%, **वित्तीय प्रगतिः** ७६.०७%

- चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयनको विस्तृत कार्ययोजना (DIP) तयार गरी कार्यान्वयन भइरहेको,
- चालु आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना तथा माइलस्टोन तयार गरी कार्यान्वयन भइरहेको,
- सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय मन्त्रीज्यू, माननीय मन्त्रीज्यू र सचिवज्यू, तथा सचिवज्यू र महाशाखा प्रमुख/विभागीय प्रमुखबीच कार्यसम्पादन सम्झौता सम्पन्न भएको,

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय

- नेपाल सरकारअन्तर्गतका बोर्ड, समिति, आयोजना तथा अन्य संस्थागत संरचनाहरूको खारेजी, एकीकरण एवं पुनर्संरचनासम्बन्धी उच्चस्तरीय कार्यदलले पेश गरेको प्रतिवेदनमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको पुनसंरचना र राष्ट्रिय बालअधिकार परिषद् खारेज गर्न सिफारिस गरिएकोमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३/०४/२६ को निर्णयानुसार दुई वटै संगठनलाई यथावत् कायम राख्ने निर्णय भएको।
- ADB को सहयोगमा सञ्चालित महिला समुत्थान परियोजना (Strengthening to Protect and Uplift Women Project-SSPUWP) को परियोजना व्यवस्थापक र परियोजना अधिकृतको अस्थायी दरबन्दी सहित विभिन्न पदका ४६ वटा अस्थायी दरबन्दी स्वीकृत भएको।

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय

- मन्त्रालय र मातहतका निकायका सम्पूर्ण कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गरी सम्बन्धित निकायमा पठाइएको,
- मन्त्रालयको जिन्सी निरीक्षण प्रतिवेदन तयार भएको, सार्वजनिक खरिद इकाई गठन भएको,
- सामाजिक सूचना व्यवस्थापन प्रणाली (SIMS) र अपाङ्गता व्यवस्थापन सूचना प्रणाली (DMIS) बीच System Integration गरिएको,
- सामाजिक सूचना व्यवस्थापन प्रणाली (SIMS) अद्यावधिक गर्ने कार्य भइरहेको, साथै कार्यान्वयन अवस्थाको अनुगमन एवं अभिमुखीकरण गर्ने कार्य समेत भैरहेको,
- मन्त्रालयको सेवा प्रवाहको सन्तुष्टी सर्वेक्षणका लागि तयार भएको सन्तुष्टीस्तर मापन प्रश्नावलीमा प्राप्त प्रतिक्रियाका आधारमा प्रतिवेदन लेखन कार्य भइरहेको।

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय

- कोशी प्रदेशको विराटनगरमा सामाजिक विकास मन्त्रालय र स्थानीय तहका कर्मचारीको सहभागितामा लैङ्गिक उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको,
- मन्त्रालयलको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन तयार गरी website मार्फत प्रकाशन गरिएको,
- यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको मर्यादित जीवनका लागि बागमती प्रदेशको हेटौंडामा सरकारी निकायका प्रतिनिधि एवं सरोकारवाला संघसंस्थाका प्रतिनिधिको सहभागितामा सचेतना कार्यक्रम सञ्चालन गरिएको,
- यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको अधिकार सम्बन्धमा विभेदकारी कानूनको अध्ययनका लागि नेपाल कानून आयोगलाई बजेट अख्तियारी प्रदान गरिएको।

लैंगिक हिंसा निवारण तथा मानव बेचविखन नियन्त्रण कार्यक्रम

प्रथम त्रैमासिक बजेटः १ करोड ५९ लाख ९ हजार

भौतिक प्रगतिः ६५%, **वित्तीय प्रगतिः**३८.१५%

- लैंगिक हिंसा निवारण कोषमा रू ३ लाख रकम जम्मा गरिएको, अदालतको फैसला बमोजिम १ जना लैङ्गिक हिंसा पीडितलाई भरणपोषण बापत रू ९६ हजार उपलव्ध गराइएको,
- कर्णाली प्रदेशको विरेन्द्रनगर नगरपालिका र लेकवेशी नगरपालिकामा स्थानीय लैंगिक हिंसा निवारण कोष र सेवा केन्द्रको विषयमा छलफल तथा अनुगमन गरिएको,
- हिंसा पीडित महिला तथा किशोरीको सुरक्षित पुनर्स्थापनाका लागि राष्ट्रियस्तरको मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालनका लागि संस्थासँग सम्झौता भई केन्द्र सञ्चालनमा रहेको र हाल १६ जनाले सेवा प्राप्त गरिरहेका छन्।

लैंगिक हिंसा निवारण तथा मानव बेचविखन नियन्त्रण कार्यक्रम

- लैङ्गिक हिंसाबाट पीडित महिलाहरूका लागि देशभर सञ्चालनमा रहेका अल्पकालीन सेवा केन्द्र (safe house) बाट प्रदान गरिएका सेवाहरूको प्रभावकारिता अध्ययन सम्पन्न गरिएको,
- संघीय मन्त्रालय, सात प्रदेशका सम्बन्धित मन्त्रालयका सचिव, गाउँपालिका महासंघ, नगरपालिका संघ तथा विकास साझेदारहरूको सहभागितामा लैङ्गिक हिंसा निवारण प्रतिकार्य समन्वय समितिको बैठक सम्पन्न भएको,
- मानव बेचबिखन तथा ओसारपसार विरुद्ध राष्ट्रिय समितिको बैठक १ पटक आयोजना गरिएको,
- मानव बेचबिखन तथा ओसारपसार पीडित तथा प्रभावितहरूको पुनर्स्थापना कोषमा रकम रू ५६ लाख २५ हजार जम्मा गरिएको।

लैंगिक हिंसा निवारण तथा मानव बेचविखन नियन्त्रण कार्यक्रम

- मानव बेचबिखनबाट पीडित तथा प्रभावितहरूको लागि स्थापित ४ वटा पुनर्स्थापना केन्द्र (आवाज (सुर्खेत), साथी (बाँके), ए.बि.सी. नेपाल (काठमाडौं) र शक्ति समूह (सिन्धुपाल्चोक)) लाई मिति २०८३/६/१५ को राष्ट्रिय समिति (NCCHT) को निर्णयानुसार पुनर्स्थापना कोषबाट सोधभर्ना रकम जम्मा रू २३ लाख ८३ हजार ६०३ उपलब्ध गराइएको,
- मानव बेचबिखन नियन्त्रणका लागि १० जिल्लाका जिल्ला समितिलाई प्रति जिल्ला रू १ लाख सशर्त अनुदान उपलब्ध गराइएको,
- मानव बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय दिवस (भाद्र २०) विभिन्न सचेतनामूलक कार्यक्रम गरी मनाइएको,
- लैङ्गिक सम्पर्क व्यक्तिहरूको नियमित बैठक असोज २ गते सम्पन्न भएको।

लैंगिक हिंसा निवारण तथा मानव बेचविखन नियन्त्रण कार्यक्रम

- विपद्लक्षित जनचेतनामूलक सन्देश (PSA) निर्माण गरी विभिन्न सञ्चार माध्यम तथा सामाजिक सञ्जालमार्फत प्रचारप्रसार गरिएको,
- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३/६/८ को निर्णयानुसार दलित समुदायको परिभाषा र थर सूचीकरण गरी राजपत्रमा प्रकाशन गरिएको, जसअनुसार दलित समुदायले प्रयोग गर्ने १,४०१ वटा थरहरू सूचीकृत भएका,
- नेपाल सरकारको शासकीय सुधार सम्बन्धी १०० कार्यसूची अन्तर्गतको बुँदा नं. ५ मा दलित समुदायसग औपचारिक क्षमायाचना सहित सुधारमुखी कार्यक्रम घोषणा गर्ने रहेको, उक्त व्यवस्था कार्यान्वयनका लागि नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८३/०६/०२ सुधारमुखी कार्यक्रम स्वीकृत भएको।

लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजना

प्रथम त्रैमासिक बजेटः ३ करोड ९ लाख १९ हजार

भौतिक प्रगतिः ४४%, **वित्तीय प्रगतिः** ९.५१%

- परियोजना लागु भएका स्थानीय तहका राजनीतिक पदाधिकारी तथा कर्मचारीको सहभागितामा परियोजना सम्बन्धी समीक्षा तथा योजना गोष्ठी सम्पन्न भएको,
- परियोजना लागु भएका स्थानीय तहका राजनीतिक पदाधिकारी तथा कर्मचारीको सहभागितामा लैङ्गिक हिंसा पीडित तथा प्रभावितका लागि सीप विकास सम्बन्धी कार्यशाला तथा अभिमुखीकरण कार्यक्रमका साथै व्यवसायिक तालिम सम्बन्धी (नमुना) कार्यविधिको मस्यौदामा छलफल गरिएको।

लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजना

- परियोजना लागु भएको कोशी प्रदेशका विभिन्न स्थानीय तहका लैङ्गिक विषय हेर्ने शाखाका शाखा प्रमुख र योजना शाखा प्रमुखलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम विराटनगरमा सम्पन्न गरिएको,
- लैङ्गिक हिंसा नियन्त्रणका क्षेत्रमा काम गर्ने GBV सेवा प्रदायक संस्थामार्फत ४ वटा स्थानीय तहमा मनोसामाजिक सेवा प्रवाहका लागि समुदायमा आधारित मनोसामाजिक परामर्शकर्ता परिचालन गरिएको,
- किशोरकिशोरीको जीवनोपयोगी सीप विकासका लागि रूपान्तरण कार्यक्रम सञ्चालन गर्न ११९ जनालाई प्रशिक्षक प्रशिक्षण (TOT) तालिम प्रदान गरिएको।

लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजना

- गत आर्थिक वर्षमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान भएको सम्झौता बमोजिम परियोजना सम्बन्धी Baseline Survey सम्पन्न गरी अन्तिम प्रतिवेदन मन्त्रालयमा पेश भएको,
- परियोजना लागु भएको स्थानीय तह रामग्राम नगरपालिकाको २ स्थानमा मनोसामाजिक तथा कानूनी परामर्श सेवा, प्रजनन् स्वास्थ्य सम्बन्धी स्वास्थ्य परीक्षण र प्रेषण सम्बन्धी सेवा प्रदान गर्न मोवाईल क्लिनिक (घुम्ती सेवा) सञ्चालन गरिएको, उक्त मोवाईल क्लिनिकबाट ४७९ जना लाभान्वित भएका।

राष्ट्रिय महिला सशक्तीकरण परियोजना

प्रथम त्रैमासिक बजेटः ९० लाख ६० हजार

भौतिक प्रगतिः ९५.२५%, **वित्तीय प्रगतिः** १६७.०५%

- ३३ जना दुर्गम क्षेत्रका ज्यान जोखिममा रहेका गर्भवती, सुत्केरी र नवजात शिशु को हवाई उद्धार भएको (हालसम्म ९८१ जना),
- दुर्गम क्षेत्रका ज्यान जोखिममा रहेका गर्भवती, सुत्केरी र नवजात शिशु को हवाई उद्धार पश्चात प्रदान गरिने यातायात सुविधाका लागि ४ अस्पताल (कोशी अस्पताल, कान्ती बाल अस्पताल, परोपकार प्रसुती तथा स्त्रीरोग अस्पताल तथा प्रदेश अस्पताल, सुर्खेत) सँग सम्झौता गरी २ वटा अस्पताल (परोपकार प्रसुती तथा स्त्रीरोग अस्पताल तथा प्रदेश अस्पताल, सुर्खेत) लाई ५/५ लाख पेश्की उपलब्ध गराइएको।

राष्ट्रिय महिला सशक्तीकरण परियोजना

- दुर्गम क्षेत्रका ज्यान जोखिममा रहेका गर्भवती, सुत्केरी र नवजात शिशुको हवाई उद्धारका लागि नेपाली सेनासँग समझदारी पत्रमा हस्ताक्षर गरिएको,
- नेपाली सेनालाई ३ महिनामा भएको हवाई उद्दारबापत रू. १ करोड ३२ लाख २० हजार २४५ को बिल भुक्तानी गरिएको।

महिला समुत्थान कार्यक्रम

(Strengthening to Protect and Uplift Women Project-SSPUWP)

प्रथम त्रैमासिक बजेटः ३४ करोड १९ लाख ४७ हजार

भौतिक प्रगतिः ४५%, **वित्तीय प्रगतिः** ९.४९%

- लुम्बिनी र मधेश प्रदेशका एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC), नेपाल प्रहरी तथा प्रदेशस्थित पुनर्स्थापना केन्द्रका प्रतिनिधिसँग प्रेषण संयन्त्र सुदृढीकरणसम्बन्धी छलफल तथा अभिमुखीकरण गरिएको,
- नेपाल प्रहरीका Junior Officials का लागि GRICS Refresher सम्बन्धी ८ वटा तालिम सञ्चालन गरिएको, जसमा २४० जना प्रहरी कर्मचारी लाभान्वित भएका,
- नेपाल प्रहरीका Junior Officials का लागि २ वटा GRICS तालिम सञ्चालन गरिएको जसबाट ६० जना प्रहरी कर्मचारी लाभान्वित भएका थिए।

महिला समुत्थान कार्यक्रम

(Strengthening to Protect and Uplift Women Project-SSPUWP)

- Project Implementation Unit (PIU) र Project Management Unit (PMU) मा कार्यरत कर्मचारीको वार्षिक समीक्षा कार्यशाला तथा गोष्ठी असोज २ र ३ गते काठमाडौंमा सम्पन्न भएको,
- बाजुरा, अछाम र कञ्चनपुरका ३ वटा गुनासो निवारण समितिका १५ जना सदस्यलाई अभिमुखीकरण प्रदान गरिएको,
- सचेतनामूलक श्रव्यदृश्य सामग्री (भिडियो) निर्माण गरी राष्ट्रिय टेलिभिजनमार्फत प्रसारण गरिएको,
- बाजुरामा १ वटा र कञ्चनपुरमा २ वटा गरी ३ वटा राष्ट्रिय GBV-RCC अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको,
- GRICS तालिमसम्बन्धी १,००० प्रति हातेपुस्तिका पुनःप्रकाशन गरिएको छ।

बाल विकास कार्यक्रम

प्रथम त्रैमासिक बजेटः २२ करोड ९५ लाख ४० हजार

भौतिक प्रगतिः ६०%, **वित्तीय प्रगतिः** २८.३२%

- मिति २०८३/०४/९ र १० गते राष्ट्रिय बालबालिका नीति कार्यान्वयन कार्ययोजनाको कार्यान्वयनका सन्दर्भमा राष्ट्रिय परामर्श गोष्ठी आयोजना गरिएको,
- तीन प्रदेश (सुदुर पश्चिम, मधेश र लुम्बिनी) मा राष्ट्रिय बालबालिका नीति, २०८० कार्यान्वयनको राष्ट्रिय कार्ययोजना, २०८२, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२ र बालबालिका उत्तरदायी बजेट संकेत (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ का सम्बन्धमा सरोकारवाला सरकारी निकाय, संघसस्था, विकासका साझेदार, बाल क्लव सञ्जाल लगायतको उपस्थितिमा प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।

बाल विकास कार्यक्रम

- मधेश, लुम्बिनी, कर्णाली र सुदुर पश्चिम प्रदेशमा बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी (UNCRC) बाट प्राप्त List Of Issue मा बालबालिकाको सरोकारहरू समावेश गर्न बाल भेला सम्पन्न गरिएको, साथै मिति २०८३/०६/२६ र २७ गते राष्ट्रिय बाल परामर्श कार्यक्रम आयोजना गरी बालबालिकाको मन्त्रीसँग प्रश्नोत्तर कार्यक्रम गरिएको,
- सन् २०२४ मा कोलम्बियाको बोगोटामा सम्पन्न बालबालिका विरुद्ध हुने हिंसा अन्त्य सम्बन्धी पहिलो विश्वव्यापी मन्त्रीस्तरीय सम्मेलनमा नेपालले गरेको राष्ट्रिय प्रतिवद्धता कार्यान्वयनको प्रगति प्रतिवेदन तयार गर्न गर्न मिति २०८३/०६/१४ परामर्श गोष्ठी आयोजना गरिएको, उक्त प्रतिवेदन फिलिपिन्सको मनिलामा नोभेम्बरमा आयोजना हुने दोस्रो मन्त्रीस्तरीय सम्मेलनमा प्रस्तुत गरिने।

बाल विकास कार्यक्रम

- विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको सूची राजपत्रमा प्रकाशनका लागि तयारी भइरहेको,
- बालबालिकामा हुने हिंसा विरूद्धको दक्षिण एसियाली प्रयास (SAIEVAC) लाई प्रथम त्रैमासिक अनुदान बापतको रकम रू १२ लाख ५० हजार निकासा गरिएको,
- तीन वटा दिवा शिशु स्याहार केन्द्र (सिंहदरवार, ललितपुर र भक्तपुर) लाई प्रथम त्रैमासिक अनुदान बापतको रकम रू ४६ लाख २५ हजार निकासा गरिएको।

बाल विकास कार्यक्रम

बाल सुधार गृह

- मन्त्रालयले १० वटा बाल सुधार गृहमार्फत कानूनी विवादमा परेका बालबालिकाको संरक्षण तथा व्यवस्थापन गरिरहेको, हाल १० वटा बाल सुधार गृहमा १२१९ बालबालिका रहेका,
- बाल सुधार गृहमा रहेका मध्ये १८ बर्ष माथिका ६०३ जना र १८ बर्ष मुनिका ६१६ जना,
- नुवाकोट बाल सुधार गृहमा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरिएको,
- नुवाकोट स्थित बालसुधार गृह सञ्चालन तथा व्यवस्थापनको लागि रू ७९ लाख ८९ हजार रकमान्तर भएको।

सामाजिक विकास कार्यक्रम

प्रथम त्रैमासिक बजेटः ८ करोड ८२ लाख ७९ हजार

भौतिक प्रगतिः ५९.६५%, **वित्तीय प्रगतिः** १२.४८%

- ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण सम्बन्धी कार्यक्रम काभ्रेपलाञ्चोकको पनौती नगरपालिकामा सम्पन्न भएको,
- ज्येष्ठ नागरिक सम्बन्धमा अन्तरनिकाय समन्वय वैठक १ पटक सम्पन्न भएको,
- ज्येष्ठ नागरिक कल्याण कोषमा रू ३ लाख १५ हजार रकम जम्मा गरिएको,
- ज्येष्ठ नागरिक सम्बन्धी दिवसीय कार्यक्रम अर्न्तगत विश्व अल्जाईमर दिवस र अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस कार्यक्रम सम्पन्न भएको,
- मन्त्रालयबाट वित्तीय हस्तान्तरण भएका र संस्थागत अनुदान दिएका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित क्षेत्रमा सञ्चालन भएका कार्यक्रमको अनुगमन सिराहामा भएको।

सामाजिक विकास कार्यक्रम

- सन् २०२५ मा सम्पन्न तेस्रो Global Disability Summit (GDS 2025) बाट जारी गरिएको अम्मान–बर्लिन घोषणापत्र कार्यन्वयनको समीक्षा र सन् २०२५ मा आयोजना हुने Global Disability Summit 2028 का लागि राष्ट्रिय प्रतिवद्धता सुनिश्चित गर्न सरोकारवाला निकाय, संघ/महासंघ र विज्ञ व्यक्तिहरूको उपस्थितिमा राष्ट्रिय संवाद कार्यक्रम मिति २०८३/०४/२२ गते सम्पन्न गरिएको,
- राष्ट्रिय अपाङ्ग कोषलाई रकम रू २५ लाख अनुदान निकाशा गरिएको,
- अपाङ्गता भएका व्यक्तिको पुनःस्थापना सेवा सञ्चालनका लागि खगेन्द्र नवजीवन केन्द्र जिल्ला शाखा, झापा र जोरपाटी लाई कुल ४४,५८,४६२ अनुदान प्रदान गरिएको,
- कुष्ठरोग प्रभावित व्यक्तिको पुनःस्थापना सेवा सञ्चालनका लागि कुष्ठरोग निवारण संघसँग सम्झौता भई १८,७४,८१७ अनुदान प्रदान गरिएको।

सामाजिक विकास कार्यक्रम

- अन्तर्राष्ट्रिय/राष्ट्रिय गैरसरकारी संस्थाहरूको डिजिटल अभिलेख राख्नका लागि सफ्टवेयर निर्माण कार्यको TOR मस्यौदा भइरहेको,
- अन्तर्राष्ट्रिय/राष्ट्रिय गैरसरकारी संस्थाहरूको साधारण सम्झौता तथा परियोजना सम्झौता सम्बन्धी परियोजना सहजीकरण समितिको २१ वटा बैठक बसी ४ वटा साधारण सम्झौता तथा १८ वटा परियोजना सम्झौताको सहजीकरण गरिएको,
- अन्तर्राष्ट्रिय गैरसरकारी क्षेत्रबाट लगानी आकर्षित गर्न राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रका सम्बन्धमा अध्ययनका लागि अवधारणा पत्र तयार भएको,
- गैरसरकारी संघ/संस्थासम्बन्धी राष्ट्रिय नीति तर्जुमाका लागि मस्यौदा लेखन समिति गठन भएको।

सामाजिक विकास कार्यक्रम

- गैरसरकारी संस्थाको जोखिम मुल्याङ्कन व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८३ लाई अन्तिम रुप दिन र सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) नियमावली, २०८१ को नियम ९२(५) बमोजिम जोखिम मूल्याङ्कन अध्ययन तथा वार्षिक प्रतिवेदन तयार गरी समन्वय समितिमा पेश गर्ने प्रयोजनका लागि समिति गठन भएको,
- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३/५/३१ को निर्णयानुसार नेपाल रेडक्रस सोसाइटीको तदर्थ समिति गठन भई राजपत्रमा सूचना प्रकाशन भएको।

सामाजिक सुरक्षा तथा संरक्षण

प्रथम त्रैमासिक बजेटः २९ अर्ब २२ करोड ७५ लाख

भौतिक प्रगतिः ६६.६९%, **वित्तीय प्रगतिः** ६४.८७%

- सामाजिक सुरक्षा भत्ता वितरणमा आवश्यक सहजीकरण सम्बन्धमा अर्थ मन्त्रालयमा मिति २०८३/०६/१४ मा पत्राचार गरिएको र अर्थ मन्त्रालयबाट मिति २०८३/०६/१६ मा नेपाल राष्ट्र बैंकमा पत्राचार भई आवश्यक समन्वय भएको,
- नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८३/०६/२१ गतेको निर्णयबाट देशै भरीका दलित बालबालिकालाई उपलब्ध गराईएको बालपोषण भत्तालाई प्रति महिना रू ५३२ बाट वृद्धी गरी रू. १००० कायम भएको,
- सामाजिक सुरक्षा सम्बन्धी गुनासोको लागि प्रयोगमा रहेको हाल राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट सञ्चालित टोल फ्री नं. ११४७ मा आएको कुल २२६६ वटा गुनासोको सम्बोधन गरिएको।

सामाजिक सुरक्षा तथा संरक्षण

- आ.व. २०८२/८३ को चौथो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता वितरणका समयमा १६ वटा स्थानीय तहबाट लाभग्राहीको बैङ्क खाता नमिलेको तथा अन्य प्राविधिक समस्याका कारण सामाजिक सुरक्षा भत्ता वितरण हुन नसकेकाले रू ५ करोड ७१ लाख बजेट आ.व. २०८३/८४ मा उपलब्ध गराउने गरी बजेट व्यवस्थापनका लागि अर्थ मन्त्रालयमा अनुरोध गरिएको,

यस अवधिमा वितरण भएको सामाजिक सुरक्षा भत्ता

- ✓ जम्मा लाभग्राही संख्याः ३४ लाख ४६ हजार ९५८
- ✓ भत्ता प्राप्त गर्ने लाभग्राही संख्याः २२ लाख ९८ हजार ९१९
- ✓ वितरण भएको सामाजिक सुरक्षा रकमः १८ अर्ब ७६ करोड ३३ लाख ६७ हजार ६११

सामाजिक सुरक्षा कोष

- **कुल बजेटः** ४५ करोड ९२ लाख ७२ हजार ५५
- **भौतिक प्रगतिः २५%, वित्तीय प्रगतिः ११%**
- सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान/रोजगारदाताको संख्याः २३,८०७ (३०७)
- सामाजिक सुरक्षा कोषमा आबद्ध लाभग्राहीको संख्याः ३२ लाख ४३ हजार ७०१

क्षेत्र	प्रथम त्रैमासिक अवधिको लक्ष्य	आवद्ध लाभग्राहीको संख्या	प्रगति प्रतिशत
औपचारिक क्षेत्र	७,५४,०००	७,९०,०८३ (७३०८३)	१०५%
वैदेशिक क्षेत्र	२४,२४,०००	२४,५०,९५८ (१,२५,९५८)	१०१%
अनौपचारिक/स्व रोजगार क्षेत्रः	२,८१०	२,६६० (३६०)	९४.७%

सामाजिक सुरक्षा कोष

- अडिटर्स एसोसिएसन तथा निर्माण व्यवसायीसँग सामाजिक सुरक्षा योजना प्रवर्द्धन र नीतिगत संवाद कार्यक्रम सम्पन्न भएको,
- घरेलु श्रमिकको सामाजिक सुरक्षा कोषमा आबद्धता तथा अन्तराष्ट्रिय श्रम संगठन (ILO) महासन्धि नं. १०२ अनुमोदनसम्बन्धी प्रारम्भिक छलफल भएको,
- सामाजिक सुरक्षा योजनामा आवद्धताका लागि यातायात क्षेत्रका रोजगारदातासँग नीतिगत संवाद सम्पन्न भएको,
- काठमाडौं र जनकपुरमा Pre Departure Orientation Training सञ्चालन गर्न प्रशिक्षकका लागि प्रशिक्षक प्रशिक्षण (ToT) सम्पन्न भएको।

सामाजिक सुरक्षा कोष

- धनगढी र सल्यानमा वैदेशिक रोजगारीमा रहेका तथा जान इच्छुक श्रमिकका परिवारलाई अभिमुखीकरण सम्पन्न भएको,
- कर्णाली, सुदूरपश्चिम र मधेश प्रदेशका रोजगार संयोजक, नागरिक समाज तथा ट्रेड युनियन प्रतिनिधिका लागि ५ दिने प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको,
- संघ/संस्थाको मागका आधारमा १२१ वटा अभिमुखीकरण कार्यक्रम गरिएको,
- आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन तयार गरिएको,
- प्रथम त्रैमासिक अवधिमा प्राप्त ३८२ वटा गुनासो मध्ये ३७६ वटा समाधान गरिएको, ६ वटा समाधानको प्रक्रियामा रहेको।

समाज कल्याण परिषद्

मिति २०८३।०६।१६ को परिषद्को वैठकबाट परिषदको आ.ब.०८३।८४ को वजेट, नीति तथा कार्यक्रम पारित भएको,

- कुल बजेटः ४६ करोड ४५ लाख
- समाज कल्याण परिषद्तर्फः ३४ करोड ४५ लाख
- अनुगमन/मूल्याङ्कन तर्फः १२ करोड
- जसमध्ये प्रथम चौमासिक अवधिको प्रगति देहायअनुसार रहेको छः

	प्रथम त्रैमासिक लक्ष्य	प्रथम त्रैमासिक प्रगति	प्रगति प्रतिशत
आय	११ करोड ६१ लाख २५ हजार	१० करोड ११ लाख ५५ हजार ६११	८७.१
व्यय	११ करोड ६१ लाख २५ हजार	५ करोड ८७ लाख ४८ हजार ५३५	५०.५९

समाज कल्याण परिषद्

- मिति २०८३।०६।१६ को परिषद्को वैठकबाट देहायका कार्यका लागि छुट्टाछुट्टै कार्यदल गठन भएको,
  - ✓ कोष स्थापना र सञ्चालन (कार्य व्यवस्था) नियमावली २०५५ को परिमार्जन,
  - ✓ भृकुटीमण्डप र इच्छुमती तरकारी वजारमा रहेका संरचनाको व्यवस्थापनका सम्बन्धमा अध्ययन,
  - ✓ परिषद्को नाममा रहेका जग्गा, जमीन, घर, गाडी लगायत् अन्य सम्पत्तिको सम्बन्धमा अध्ययन,
  - ✓ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले साझेदार संघसंस्था छनौट गर्दा अपनाउने कार्यविधिको परिमार्जन।

समाज कल्याण परिषद्

राष्ट्रिय गैरसरकारी संस्थातर्फ

विवरण	प्रथम त्रैमासिक		बजेट	प्रगति प्रतिशत
	लक्ष्य	प्रगति		
स्वीकृत भएका परियोजना	६५०	९५०	११ अर्ब ५५ करोड ३८ लाख १६ हजार १९२	१४६

- अनुमोदन प्रक्रियामा रहेका परियोजनाः ९ वटा (कुल बजेटः रू. २३ करोड ७९ लाख १० हजार १०)
- परिषद्मा संस्थाको आवद्धताः २३५ संस्था (नयाँ), ५५६ (नवीकरण)

समाज कल्याण परिषद्

अन्तराष्ट्रिय गैरसरकारी संस्थातर्फ

विवरण	प्रथम त्रैमासिक		प्रगति प्रतिशत	परियोजना सम्झौताको कुल रकम
	लक्ष्य	प्रगति		
साधारण सम्झौता (नयाँ)	१	०		४ अर्ब २८ करोड ८२ लाख २० हजार ८६३
साधारण सम्झौता (नवीकरण)	४	२	५० %	
परियोजना सम्झौता	१५	१९	१२६%	
परियोजना संशोधन	१०	१७	१७०%	

समाज कल्याण परिषद्

राष्ट्रिय गैरसरकारी संस्थाको अनुगमन तथा मूल्यांकन

विवरण	प्रथम त्रैमासिक		प्रगति प्रतिशत
	लक्ष्य	प्रगति	
परियोजनाको मूल्याङ्कन टोली गठन	१५०	३४	२२.६६%
परियोजनाको टेबल मूल्याङ्कन टोली गठन	१५०	२२१	१४७.३३ %
प्राप्त भएको अन्तिम मूल्यांकन प्रतिवेदन संख्या	१००	८४	८४%
परियोजनाको टेबल मूल्याङ्कन गरी प्राप्त प्रतिवेदन संख्या	१००	१०	१०%
मूल्याङ्कनको प्रक्रिया र AML/CFT लगायतका विषयमा अनुशिक्षण	८	२	२५%
संस्थाबाट प्राप्त Action Plan	२००	८४	४२%

समाज कल्याण परिषद्

अन्तराष्ट्रिय गैरसरकारी संस्थाको अनुगमन तथा मूल्यांकन

विवरण	प्रथम त्रैमासिक		प्रगति प्रतिशत
	लक्ष्य	प्रगति	
परियोजनाको मूल्याङ्कन टोली गठन	१३	१५	११५%
मूल्याङ्कन टोलीको प्रारम्भिक बैठक	१५	२	१३%
मूल्यांकन टोलीबाट प्राप्त मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण	१३	९	६९%
मूल्याङ्कन टोलीका लागि प्रतिनिधि माग	१५	१५	१००%
मूल्याङ्कन प्रतिवेदनको सुझाव कार्यान्वयनका लागि संस्थालाई Action Plan पेश गर्न लगाउने	२०	३७	१८५%
केन्द्रिय परियोजना सल्लाहकार समितिको बैठक तथा संस्थाबाट कार्ययोजना माग	२०	८	४०%

पशुपति वृद्धाश्रम

प्रथम त्रैमासिक बजेटः १ करोड १६ लाख ११ हजार

भौतिक प्रगतिः ८०%, **वित्तीय प्रगतिः** ५५.७६%

- पशुपति वृद्धाश्रममा रहेका ६२ जना ज्येष्ठ नागरिकको आवास, भरणपोषण, स्वास्थ्य उपचार सेवाको व्यवस्थापन भएको।

राष्ट्रिय बाल अधिकार परिषद्

प्रथम त्रैमासिक बजेटः १ करोड ९४ लाख ८० हजार

भौतिक प्रगतिः ६०%, **वित्तीय प्रगतिः** ४७.९८%

सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन

- पहिलो त्रैमासिक अवधिमा ५२ जना सडक बालबालिकाको उद्धार (हालसम्म २७९१) गरिएको,
- यस अवधिमा ३६० जना सडक बालबालिकाको पालनपोषण, हेरचाह, उपचार, परिवार खोजी, पारिवारिक पुनर्मिलन र पुनःस्थापना गरिएको।

राष्ट्रिय बाल अधिकार परिषद्

हराएका तथा बेवारीस फेला परेका बालबालिका खोजतलास तथा पारिवारिक पुनर्मिलन

- देशभर हराएका २,३५६ जना बालबालिकाको खोजतलास गरी हराएका मध्ये २,०७७ जना परिवारमा पुनर्मिलन गरिएको (८८.१५%),
- बेवारीस फेला परेका ७७ जना बालबालिकामध्ये परिवारको खोजतलास तथा पहिचान गरी ३९ जनालाई परिवारमा पुनर्मिलन गरिएको, परिवार पहिचान हुन नसकेका ३८ जनालाई बाल गृह/बाल मन्दिरमा अस्थायी संरक्षण सेवाको प्रबन्ध गरिएको।

राष्ट्रिय बाल अधिकार परिषद्

हिंसा तथा जोखिममा परेका बालबालिकाको उद्धार, संरक्षण, अनुगमन तथा व्यवस्थापन

- हिंसा तथा जोखिममा परेका २२६ जना बालबालिकाको तत्काल उद्धार गरी संरक्षण तथा व्यवस्थापन गरिएको,
- यस अवधिमा २९७८ जना बालबालिकालाई राहत, उपचार, मनोविमर्श, कानूनी परामर्श र अन्य सहयोग लगायतका बाल हेल्पलाइन सेवा उपलब्ध गराइएको,
- भारतका विभिन्न राज्यबाट उद्धार गरिएका २२ जना बालबालिकाको स्वदेश फिर्ता गरी पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना गरिएको।

राष्ट्रिय बाल अधिकार परिषद्

- ७ वटा बाल गृहको अनुगमन गरिएको, मापदण्ड पूरा गर्न नसक्ने/नसकेका ८ वटा बाल गृह बन्द भई १३६ जना बालबालिकाको पारिवारिक पुनर्मिलन गरिएको,
- २८ वटा बाल गृहको बाल गृह सञ्चालन अनुमति नवीकरण गरिएको,
- कर्णाली प्रदेशका सुर्खेत, जाजरकोट, दैलेख, जुम्ला, कालिकोट र मुगु तथा सुदूरपश्चिम प्रदेशका दार्चुला, बैतडी, डडेलधुरा, बझाङ, बाजुरा, डोटी र अछाम गरी १३ जिल्लाका बाल कल्याण अधिकारीहरूलाई २ दिने बाल अधिकार संरक्षण प्रणाली स्थापना तथा सुदृढीकरण सम्बन्धी क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको।

विपद् प्रतिकार्य सम्बन्धमा भएका कार्यहरू

संरक्षण तथा मानवीय सहायता समन्वय

- नेपालमा २०८३ भदौ १० गते भोटेकोशी तथा त्रिशूली नदीमा आएको बाढी तथा त्यसश्चातका सम्पूर्ण विपद् प्रतिकार्य सम्बन्धी कार्य विपद् व्यवस्थापन अन्तर्गत Protection Cluster को समन्वयमा नियमित भइरहको, हालसम्म Protection Cluster को ७ वटा बैठक बसेको,
- मन्त्रालय र Protection Cluster बाट सम्पादन भएका कार्यहरूको सन्दर्भमा नियमित रूपमा मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा प्रतिवेदन गर्ने गरिएको, राष्ट्रिय विषद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार गरेको portal मा रहेको 5W Reporting System लाई प्रयोग गरी विकास साझेदार तथा विभिन्न संघ/संस्थाबाट भइरहेको सहयोगको विवरण नियमित अद्यावधिक गर्ने व्यवस्था मिलाइएको।

संरक्षण तथा मानवीय सहायता समन्वय

- बालबालिकाको संरक्षण, लैङ्गिक हिंसा प्रतिकार्य र मनोसामाजिक सहयोग कार्यदलबाट छुट्टाछुटै प्रतिकार्य योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको। उक्त कार्ययोजनामा विकास साझेदार तथा गै.स.स बाट ७३ करोड ९९ लाख ८८ हजार प्रतिकार्यमा सहयोग गर्ने प्रतिबद्धता भएको,
- मन्त्रालय अन्तर्गतका सबै हटलाइन सेवाहरू (बालबालिका खोज तलास केन्द्र १०४, बाल हेल्पलाइन १०९८, हिंसामा परेका महिला र बालिका लक्षित हटलाइन सेवा ११४५ र आपतकालीन स्वास्थ्य सहयोगका लागि हटलाइन १११५) लाई विपद् उद्धार तथा सहयोगका लागि प्रयोग गर्ने गरी व्यवस्थापन गरिएको, उक्त हटलाइन सेवाहरूमा प्राप्त भएका सूचना, गुनासो तथा पीडितका समस्या सम्बोधनका लागि आवश्यक समन्वय, सहयोग तथा सहजीकरण गरिएको।

पीडितको मर्यादा तथा गोपनियताको संरक्षणका लागि जारी सूचना तथा समन्वय

- समाज कल्याण परिषद् मार्फत राहत वितरणका क्रममा पीडितको अनुमति बिना फोटो/भिडियो खिच्ने तथा धार्मिक वा व्यावसायिक प्रकृतिका लोगो, सन्देश वा प्रचारात्मक सामग्री प्रयोग/प्रकाशन नगर्न सम्बन्धित सबैलाई पटक/पटक अनुरोध गरिएको,
- मन्त्रालयबाट विपद्को अवस्थामा हुन सक्ने लैङ्गिक हिंसा, बालबालिका ओसारपसार र मानव बेचविखन जस्ता गतिविधि हुन नदिन प्रचार सामग्री उत्पादन तथा प्रसारण गरिएको, साथै, बाढीबाट प्रभावित महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको विशेष सुरक्षाको व्यवस्था मिलाउन गृह मन्त्रालयसँग समन्वय गरिएको।

पीडितको मर्यादा तथा गोपनियताको संरक्षणका लागि जारी सूचना तथा समन्वय

- विपद्को समयमा हुन सक्ने बालबालिकाको ओसारपसार तथा बेचबिखनको जोखिम न्यूनीकरणका लागि मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्मार्फत बाढी प्रभावित बालबालिकाको सर्वोत्तम हित र सुरक्षालाई प्राथमिकता दिई स्थानीय तहको बालअधिकार समितिको निर्णय, बाल कल्याण अधिकारीको सिफारिस तथा राष्ट्रिय बाल अधिकार परिषद्को सहमतिबिना व्यक्तिगत वा संस्थागत संरक्षणमा, बाल गृह वा अस्थायी संरक्षण केन्द्रमा राख्न तथा बालबालिकाको ओसारपसार नगर्न/नगराउन सूचना जारी गरिएको,
- बालबालिकाको गोपनीयता, मर्यादा र सम्मानको संरक्षण गर्दै उनीहरूको फोटो तथा भिडियो सामाजिक सञ्जाल वा सञ्चार माध्यममा प्रकाशन/प्रसारण नगर्न राष्ट्रिय बाल अधिकार परिषद्मार्फत सूचना जारी गरिएको।

पीडितको मर्यादा तथा गोपनियताको संरक्षणका लागि जारी सूचना तथा समन्वय

- सोही सन्दर्भमा सञ्चार माध्यमको थप संवेदनशीलता सुनिश्चित गर्न प्रेस काउन्सिल नेपालसँग समन्वय गरी बाढी प्रभावित बालबालिकाको फोटो तथा भिडियो मर्यादा र गोपनीयता प्रतिकूल हुने गरी प्रकाशन/प्रसारण नगर्न सूचना जारी गरिएको,
- मानव बेचबिखनको जोखिम, महिला तथा बालबालिकाको असुरक्षित आवागमन जस्ता गतिविधि हुन नदिनका लागि नेपाल प्रहरीको समन्वयमा सीमा क्षेत्र, आवागमन स्थल, जाँचचौकी, होल्डिङ सेन्टर तथा अन्य महत्वपूर्ण स्थानहरूमा चेक पोष्ट स्थापना गरी निगरानी बढाइएको,
- प्रमुख आवागमन मार्गहरूमा नेपाल प्रहरी तथा सुरक्षा निकायका कर्मचारीहरुसँगको समन्वयमा कार्य गर्ने गरी समुदायिक परिचालकहरू परिचालन गरिएको।

पीडितको मर्यादा तथा गोपनियताको संरक्षणका लागि जारी सूचना तथा समन्वय

- बाल संरक्षण, मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग, लैङ्गिक हिंसा, मानव बेचविखनका जोखिम तथा यौन शोषण र दुर्व्यवहारको रोकथाम सम्बन्धी जनचेतनामूलक सार्वजनिक सूचनाहरू (तामाङ भाषामा समेत) नुवाकोट, धादिङ र रसुवा जिल्लाका छ स्थानीय एफएम रेडियो स्टेशनका साथै राष्ट्रिय सञ्चारमाध्यमहरूबाट निरन्तर प्रसारण गरिएको।

महिला तथा किशोरीको विशेष संरक्षण

- महिला तथा किशोरीका लागि सुरक्षित र सहज पहुँचयोग्य वातावरण उपलब्ध गराउनका लागि १० वटा महिला मैत्री स्थल स्थापना गरिएको, उक्त स्थलबाट २९१० जना महिला र ७५७ जना किशोरकिशोरी लाभान्वित भएका,
- महिला मैत्री स्थलबाट सेवा प्राप्त गर्ने मध्ये ९ जना गर्भवती महिला, ७९ जना स्तनपान गराइरहेका महिला तथा ११ जना अपाङ्गता भएका व्यक्ति रहेका,
- बाढी प्रभावित महिला, किशोरी तथा बालिकाको तत्कालीन संरक्षण तथा व्यक्तिगत सरसफाइ सम्बन्धी आवश्यकतालाई सम्बोधन गर्न मर्यादा किट, किशोरी किट तथा शिशु तथा साना बालबालिकाको आवश्यकतालाई सम्बोधन गर्न बेबी प्याक वितरण गरिएको,
- विपद् प्रभावित क्षेत्रका समुदाय तथा अस्थायी संरक्षण केन्द्रमा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य सम्बन्धी सचेतनाका कार्यक्रम सञ्चालन गरिएको।

गर्भवती, सुत्केरी महिला तथा नवजात शिशुको उद्धार

- विपद्का कारण सडक तथा यातायात सम्पर्क अवरुद्ध भएका प्रभावित स्थानीय तहमा ज्यान जोखिममा रहेका गर्भवती, सुत्केरी महिला तथा नवजात शिशुको हवाई उद्धारगर्न सकिने व्यवस्था गरिएको,
- हालसम्म १५ जना जटिल प्रसूती अवस्थाकी महिला तथा नवजात शिशुको हवाई उद्धार गरी परोपकार प्रसूति गृहमा उपचारका लागि ल्याइएको।

बालबालिकाको संरक्षण तथा सुरक्षित स्थान व्यवस्थापन

- विपद् प्रभावित १५ स्थानीय तहमा बाल संरक्षणसम्बन्धी समन्वय संयन्त्र परिचालन गरी सूचना संकलन तथा उद्धार/व्यवस्थापन गरिएको,
- भोटेकोशी बाढी प्रभावित बालबालिकाको अवस्थाको पहिचान गरी संरक्षण र व्यवस्थापन गर्न भोटेकोशी बाढी प्रभावित बालबालिकाको द्रुत लेखाजोखा प्रतिवेदन, २०८३ तयार गरिएको,
- उक्त प्रतिवेदन अनुसार १२३३ जना बालबालिका विभिन्न होल्डिङ सेल्टरमा रहेकोमा ६९२ जना आमा/बाबुसँगै र ५४१ जना आफन्तसँग रहेको पाइएको,
- रसुवाको उत्तरगया गाँउपालिका वडा नं ५ बाट मुटुको स्वास्थ्य समस्या भएका बालकलाई नेपाली सेनाको हेलिकप्टरबाट काठमाण्डौं ल्याई उपचारपश्चात फिर्ता पठाइएको।

बालबालिकाको संरक्षण तथा सुरक्षित स्थान व्यवस्थापन

- द्रुत लेखाजोखा प्रतिवेदनका आधारमा नुवाकोट तथा रसुवा जिल्लाका विभिन्न होल्डिङ्ग सेन्टरमा रहेका २९८ र काठमाडौंको विभिन्न गुम्बामा रहेका २८६ गरी ५८४ बालबालिकाको अवस्थाको लेखाजोखा गरी २६९ बालबालिका संरक्षण गर्नु पर्ने प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको,
  - ✓ बाबुआमा दुबै गुमाएका/सम्पर्कविहीन ४१ जना,
  - ✓ बाबु गुमाएका/सम्पर्कविहीन १६१ जना र
  - ✓ आमा गुमाएका/सम्पर्कविहीन ६७

बालबालिकाको संरक्षण तथा सुरक्षित स्थान व्यवस्थापन

- बालबालिकाको लागि Recreation का क्रियाकलापहरू, खेल, मनोरञ्जनात्मक गतिविधि तथा मनोसामाजिक सहयोग सेवा प्रदान गर्नका लागि ५३ स्थानमा बालमैत्री स्थल (Child-Friendly spaces) स्थापना तथा सञ्चालन गरिएको, जसबाट ४४५७ जना बालबालिका लाभान्वित भएका,
- विपद् प्रभावित बालबालिकाको अस्थायी संरक्षणका लागि ललितपुरको ठेचोस्थित नेपाल सरकारको स्वामित्वमा रहेको जग्गामा गोदावरी नगरपालिका, सुरक्षा निकाय, तथा विभिन्न संघ संस्थासँग समन्वय गरी अस्थायी संरक्षण सेवा केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको।

बालबालिकाको संरक्षण तथा सुरक्षित स्थान व्यवस्थापन

- रसुवाको भोटेकोशी बाढीबाट पूर्ण प्रभावित आमाछोदिङ्मो गाउँपालिकास्थित श्री हाकुबेसी आधारभूत विद्यालयका विद्यार्थीको हितका लागि काठमाडौं उपत्यकाका स्थानीय तह तथा शिक्षा तथा खेलकुद मन्त्रालयसँग समन्वय गरी अस्थायी विद्यालय सञ्चालनको प्रस्ताव आह्वान गरिएको,
- पुनर्निर्माण अभियान नेपाल (MRN) को प्रस्ताव स्वीकृत गरी मिति २०८३/०६/३० गते मन्त्रीस्तरीय निर्णयानुसार अस्थायी विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि समझदारीपत्रमा हस्ताक्षर भएको।

बालबालिकाको संरक्षण तथा सुरक्षित स्थान व्यवस्थापन

- बाढी प्रभावित बालबालिकाको दीर्घकालीन संरक्षण, पालनपोषण, हेरचाह तथा स्याहार सुसारको व्यवस्था गर्न MIT Group Foundation Company सँग १८ वर्षका लागि ५७ करोड ८५ लाख रकम बराबरको समझदारी गरिएको,
- बाढी प्रभावित बालबालिकाको दीर्घकालीन संरक्षण, पालनपोषण, हेरचाह तथा स्याहार सुसारको व्यवस्था गर्न SOS Children's Village Nepal सँग २ वर्षका लागि १६ करोड रकम बराबरको समझदारी गरिएको।

ज्येष्ठ नागरिकको उद्धार, संरक्षण तथा स्वास्थ्य सेवा

- जोखिममा परेका ज्येष्ठ नागरिक/ आश्रम/ बृद्धाश्रम/ दिवासेवा केन्द्र लगायतका प्रभावित ज्येष्ठ नागरिकको उद्धार राहत, पूनर्स्थापना, संरक्षण स्वास्थ्य सेवा, मनोविमर्श सेवा, सहायक सामाग्री लगायतका कार्यमा समन्वयका लागि ज्येष्ठ नागरिकका क्षेत्रमा काम गर्ने विभिन्न सरोकारवाला संघ संस्थाहरूसँगको समन्वय बैठक मिति २०८३ भाद्र १६ गते बसेको,
- विपद् प्रभावित ज्येष्ठ नागरिकका लागि आवश्यक सहायक सामाग्रीको विवरण तयार गरी संरक्षण विषयगत क्षेत्र (Protection Cluster) मा पेस गरिएको,
- देवीघाट ज्येष्ठ नागरिक संरक्षण तथा अध्ययन प्रतिष्ठान विदुर नगरपालिका ५, मा बृद्धाश्रम भवन क्षति भएको, आश्रममा आश्रय लिईरहेका कुल ३४ जना ज्येष्ठ नागरिक मध्ये २४ जनाको उद्धार गरिएको (५ जना वेपत्ता र १ मृत्यु) ४ जना बाढी आउनु पूर्व नै उपचारका लागि काठमाडौ गएका।

ज्येष्ठ नागरिकको उद्धार, संरक्षण तथा स्वास्थ्य सेवा

- देवीघाट ज्येष्ठ नागरिक संरक्षण तथा अध्ययन प्रतिष्ठान विदुर नगरपालिका ५, नुवाकोटका बाढि प्रभावित ७ जना ज्येष्ठ नागरिकहरुलाई मिति २०८३/०५/१६ गते अल्पकालीन आश्रयका लागि नेपाल सिनियर केयर, म्हेपी नयाँवजार काठमाडौंमा आश्रमका लागि पठाइएको,
- आश्रय लिएका ज्येष्ठ नागरिक मध्ये हिँडडुलान कठिनाई भएका ३ जना ज्येष्ठ नागरिकलाई २ वटा ह्विल चियर र १ वटा वाकर उपलब्ध गराईएको,
- विपद् प्रभावित ज्येष्ठ नागरिकका लागि विदुर नगरपालिका ३ नं वडा कार्यालयको समन्वय र विभिन्न ज्येष्ठ नागरिकका क्षेत्रमा काम गर्ने संस्थाको सहयोगमा भाद्र २० गते निशुल्क स्वास्थ्य शिविर सञ्चालन भएको।

ज्येष्ठ नागरिकको उद्धार, संरक्षण तथा स्वास्थ्य सेवा

- उक्त स्वास्थ्य शिविरबाट १०१ जना ज्येष्ठ नागरिकले स्वास्थ्य सेवा प्राप्त गरेका, साथै शिविरमा ६० जना ज्येष्ठ नागरिकलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइएको,
- विपद् प्रभावित ज्येष्ठ नागरिकको विवरण संकलन फाराम ढाँचा तयार गरी विपद् प्रभावित ज्येष्ठ नागरिकको विवरण संकलनका लागि राष्ट्रिय ज्येष्ठ नागरिक महासंघलाई फारम उपलब्ध गराइएको,
- जेष्ठ नागरिक र अपाङ्गता हेल्प डेस्क ३ वटा जिल्ला (रसुवा, नसवाकोट र धादिङमा) सञ्चालन गरिएको,
- वाढी प्रभावित तथा आश्रय स्थल गुमाएका ज्येष्ठ नागरिकलाई समाज कल्याण केन्द्र वृद्धाश्रम (पशुपति) काठमाडौमा अस्थायी रुपमा आश्रयका लागि प्रबन्ध मिलाइएको।

अपाङ्गता भएका व्यक्तिको संरक्षण

- मिति २०८३/०५/१८ अनलाइन र मिति २०८३/०६/१३ गते भौतिक रुपमा बैठक गरी राष्ट्रिय अपाङ्ग महासंघ, UNICEF, Hospital And Rehabilitation center for Disable Children (HRDC), Handicap International लगायतका सरोकारवाला संस्था तथा साझेदार संस्थाहरूसँग विपद् बाट उत्पन्न अवस्थाको व्यवस्थापनका सम्बन्धमा सहकार्य गर्ने निर्णय भएको,
- राष्ट्रिय अपाङ्ग महासंघ सँगको सहकार्यमा Live Data tracking system तयार गरी अपाङ्गता भएका बाढी पीडित अपाङ्गता भएका व्यक्तिहरूको दैनिक तथ्याङ्क सङ्कलन गरिएको।

अपाङ्गता भएका व्यक्तिको संरक्षण

- उक्त प्रणालीबाट प्राप्त तथ्याङ्क अनुसार बाढीबाट प्रभावित अपाङ्गता भएका व्यक्तिको जम्मा संख्या १४४ रहेको छ, जसमध्ये मृत्यु भएको ७ जना, विस्थापित हुनेको संख्या ७६, बेपत्ता / सम्पर्कविहिन हुनेको संख्या १६ जना रहेको,
- २६ जना अपाङ्गता भएका व्यक्तिहरुलाई Handicap International को सहयोगमा सोलार प्रदान गरिएको,
- HRDC लगायतका संस्थाहरूको समन्वयमा Screening Camp तथा Non food Items वितरण गरिएको,
- उत्तरगया गाँउपालिका वडा नं. ५ बस्ने सुवास लामालाई अस्थायी बसोबासको लागि मानव सेवा आश्रम, रानीवनमा सिफारिस गरी पठाइएको।

मनोसामाजिक सहयोग तथा परामर्श सेवा

- संरक्षण क्षेत्रमा कार्यरत साझेदार संस्थाहरू मार्फत बालमैत्री स्थान (CFS), महिलामैत्री स्थान (WFS), एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC), अस्थायी आश्रय स्थल, होल्डिङ सेन्टर, प्रभावित समुदाय तथा मनोसामाजिक सहयोग हेल्पलाइन मार्फत १५,७०१ जनालाई मनोबैज्ञानिक प्राथमिक सहायता (Psychological First Aid), व्यक्तिगत परामर्श तथा समूहमा आधारित र मनोसामाजिक सहयोग उपलब्ध गराइएको,
- सहायता प्राप्त गर्नेहरूमा ३,८४५ बालिका र ३,३९२ बालक, ४,९४७ महिला र ३५१७ जना पुरूष रहेका, जसमध्ये १२२ जना ज्येष्ठ नागरिक, ७६ जना अपाङ्गता भएका व्यक्ति रहेका छन्।

मनोसामाजिक सहयोग तथा परामर्श सेवा

- अग्रपङ्तिमा रहेका काम गर्ने कर्मचारी तथा सुरक्षाकर्मी लगायतका सेवा प्रदायकलाई तनाव व्यवस्थापन तथा मनोसामाजिक प्राथमिक सहायता सम्बन्धी तालिम प्रदान गरिएको,
- उद्धार तथा संरक्षणको कार्यलाई सुरक्षित र जावफदेही बनाई विपद् प्रभावित केन्द्रित सेवा प्रवाहलाई सुनिश्चत गर्नका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको,
- विशेष मानसिक स्वास्थ्य सेवा तथा कानूनी कागजात सम्बन्धी सेवासहित विशिष्टिकृत सेवाको आवश्यकता भएका ९१ जना बालबालिकालाई एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) तथा अपाङ्गता सम्बन्धी सेवा प्रदान गर्ने निकायमा आवश्यक सेवाका लागि प्रेषण (Referral) गरिएको।

गैरसरकारी संस्थाका परियोजना स्वीकृति तथा स्रोत परिचालनमा सहजीकरण

- विपद् प्रभावित क्षेत्रमा विपद् प्रतिकार्य सम्बन्धित कार्य गर्नका लागि अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूलाई मिति २०८३ असोज १५ सम्मका लागि छोटो प्रक्रियाबाट परियोजना सम्झौता गर्न सकिने गरी सहजीकरण गरिएको

विवरण	परियोजना संख्या	स्वीकृत रकम
अ.गै.स.स. परियोजना संशोधन	१३	रू ३९करोड ५६ लाख १३ हजार ९२४
अ.गै.स.स. परियोजना सम्झौता	४	रू १ अर्ब २६ करोड ९१ लाख ४१ हजार १२३
गै.स.स. नयाँ परियोजना	३१६ (३१३ संस्थाको)	रू २ अर्ब ४ करोड ६९ लाख ८० हजार ११४
गै.स.स. परियोजना संशोधन	५	रू ८५ लाख ४० हजार ५७७
अ.गै.स.स. को ९ वटा परियोजना पेश भई प्रक्रियामा रहेको।		

गैरसरकारी संस्थाबाट सहायता परिचालन

विवरण	संख्या	प्रधानमन्त्री विपद् राहत कोष	राहत सामग्री परिचालन
अन्तराष्ट्रिय गैरसरकारी संस्था	७३	रू ५ करोड १४ लाख ३२ हजार ४६७	रू ७२ करोड २१ लाख २७ हजार ९६०
राष्ट्रिय गैरसरकारी संस्था	४८	रू ५ करोड ५७ लाख २१ हजार १८२	रू २२ करोड ७३ लाख ६६ हजार ४
जम्मा	१२१	रू १० करोड ७१ लाख ५३ हजार ६४९	रू ९४ करोड ९४ लाख ९४ हजार ५६७

समुन्नति कार्यक्रम

- विपद् प्रभावित क्षेत्रका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र सीमान्तकृत समुदायको संरक्षण तथा पुनरुत्थानलाई सुदृढ गर्ने उद्देश्यले मन्त्रालय र नेपाल रेडक्रस सोसाइटीबीच समुन्नति कार्यक्रम सञ्चालनका लागि सम्झौता भएको,
- कार्यक्रममार्फत सीप विकास, जीविकोपार्जन सहयोग, रोजगारी, उद्यमशीलता तथा आत्मनिर्भरता अभिवृद्धिमा सहयोग पुऱ्याइने,
- उक्त कार्यक्रम मार्फत योग्य लाभग्राही प्रत्येक व्यक्तिलाई रु. १ लाखका दरले नगद अनुदान उपलब्ध गराइने व्यवस्था गरिएको।

मन्त्रालयमा प्राप्त उजुरी तथा गुनासो फछर्यौट

निकाय	प्राप्त उजुरी/गुनासो	फछर्यौट भएको	प्रक्रियामा रहेको	कैफियत
अख्तियार दुरुपयोग अनुसन्धान आयोग	९	३	६	
राष्ट्रिय सतर्कता केन्द्र	१	०	१	
हेलो सरकार	७५	३९	३६	
जम्मा	८५	४२	४३	